त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र संकाय
परीक्षा नियन्त्रण महाशाखा
बल्खु, काठमाडौं, नेपाल

मिति: २०८२।०१।०२

**खुल्ला तथा दूर सिकाई (ODL) कार्यक्रमको २ र ३ सेमेस्टरमा सञ्चालित स्नातकोत्तर तह M.Ed. (Science Education) दोस्रो सेमेस्टर (आंशिक)को परीक्षा आवेदन फारम भर्ने सम्बन्धी सूचना**

यस संकायअन्तर्गत सञ्चालित खुल्ला तथा दूर सिकाई (ODL) कार्यक्रमको २ र ३ सेमेस्टरमा सञ्चालित स्नातकोत्तर तह M.Ed. (Science Education) दोस्रो सेमेस्टर (आंशिक) को २०८२ साल जेठ महिनामा सञ्चालन हुने परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरुले आफ्नो क्याम्पसमा सम्पर्क गरी एकल दस्तुरका हकमा यही २०८२ साल वैशाख २२ गते र दोब्बर दस्तुरका हकमा २०८२ वैशाख २८ गतेसम्म अनलाईन मार्फत परीक्षा फारम भर्ने/भराउन सम्बन्धित सबैलाई सूचित गरिएको छ।

**पुनश्च:**

- विद्यार्थीहरुले यस संकायको वेवसाइट: www.tufoe.edu.np मा गई त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा फराम भर्न सकिनेछ ।
- परीक्षा आवेदन फारमवापत नियमित तथा आंशिक परीक्षाका लागि रु. २५००।- शुल्क लाग्नेछ जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ। परीक्षा फारमवापत संकलित रकम सम्बन्धित क्याम्पसले यस शिक्षाशास्त्र संकाय डीनको कार्यालयको बैंक खातामा तोकिएको समयभित्र जम्मा गर्नुपर्नेछ र सोको सक्कल भौचर बैंक एकल दस्तुरका हकमा २०८२ वैशाख २३ र दोब्बर दस्तुरका हकमा २०८२ वैशाख ३० गतेसम्म दाखिला गरी भौतिक परीक्षा फारामसहित २०८२ जेठ २ गतेभित्र यस कार्यालयमा बुझाउनुपर्नेछ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ। Online form भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ।
- क्याम्पस तथा कलेजको परीक्षा शाखाले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्यांकनको अंक परीक्षा फारममा अनलाइनमार्फत भरी पठाउनु पर्नेछ। साथै विद्यार्थीहरुको आन्तरिक मूल्यांकन अंकको प्रमाणित विवरण परीक्षा सुरु हुनु अगावै डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा बुझाउनु पर्नेछ।
- अनलाइन परीक्षा फारममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा फोटो र दस्तखत अपलोड् गर्नुपर्नेछ।
- Online परीक्षा फारममा उल्लिखित रीत पूरा नभई आएमा उक्त परीक्षा फारम रद्द हुनेछ।

सहायक डीन